# लुम्बिनी बौद्ध विश्वविद्यालयमा चीनको चासो

सन्जु पौडेल
**फेलो**, सेन्टर फर सोसल इनोभेसन एण्ड फोरेन पोलिसी (सेसिफ)

## रुपन्देही

सन् १९९८ मा १६ राष्ट्रका प्रतिनिधिको सहभागितामा विश्व बौद्ध सम्मेलन लुम्बिनीमा सम्पन्न भएको थियो। सो सम्मेलनबाट विश्वविद्यालय स्थापना गरिएको थियो। शान्तिका अग्रदूत गौतम बुद्ध जन्मेको भूमिमा आध्यात्मिक वातावरणमा बसेर उच्च तहको बौद्ध शिक्षा अध्ययन हुनुपर्छ भन्दै उच्च तहको बौद्ध विश्वविद्यालय आवश्यक छ भन्ने निष्कर्ष सम्मेलनको थियो।

तर, स्थापनाको झन्डै एक दशकसम्म यो विश्वविद्यालय गुमनामजस्तै रह्यो। ०६१ सालमा स्थापना भएको बौद्ध विश्वविद्यालयमा ०६७ सालबाट मात्रै शैक्षिक कार्यक्रम शुरु भएको थियो। सुरुवातमा पिएचडी कार्यक्रम संचालन भएको थियो।

लुम्बिनीमा बौद्ध विश्वविद्यालय स्थापना गर्ने भनिएता पनि शुरुमा केन्द्रीय कार्यालय काठमाडौंमा राखियो। लुम्बिनीमा सम्पर्क कार्यालयका रूपमा एउटा भवनमा सीमित गरियो। साढे दुई बिघा जग्गा छुट्याइएको भए पनि अन्य कामले गति लिन सकेन। एक दशकसम्म काठमाडौंमा रहेको केन्द्रीय कार्यालय लुम्बिनीमा ०७३ सालमा मात्रै सारियो। ०७० सालबाट मात्रै स्नातकोत्तर तहको अध्ययनसहित लुम्बिनीमा शैक्षिक कार्यक्रम शुरु भएको हो । ०७० साल यताका वर्षमा विश्वविद्यालयको गति बढ्दै गएको छ।

### अहिले कस्तो छ विश्वविद्यालय

अहिले तीनवटा संकाय सञ्चालनमा छन्। ती बौद्ध अध्ययन संकाय, मानविकी तथा सामाजिक शास्त्र संकाय र स्कुल अफ डेभलपमेन्ट एन्ड एप्लाइड साइन्स रहेका छन् । दुईवटा आंगिक क्याम्पस छन् । केन्द्रीय क्याम्पसमा चालू शैक्षिक कार्यक्रममा स्नातकोत्तर तहमा बौद्ध अध्ययन, पुरातात्वशास्त्र र सङ्ग्रहालय विज्ञान सञ्चालनमा छन्। त्यस्तै स्नातक तहमा भोट बौद्ध अध्ययन, ट्राभल एन्ड टुरिजम म्यानेजमेन्ट र बिए आरडीको अध्ययन हुँदै आएको छ।

बौद्ध विश्वविद्यालयको बुटवलमा सिटी क्याम्पस सञ्चालनमा आएको छ। यहाँ बिए, एलएलबी र ट्राभल एन्ड टुरिजम शैक्षिक कार्यक्रम सञ्चालनमा छन्। बुद्धसँग सम्बन्धित देवदहमा स्कुल अफ डेभलपमेन्ट एन्ड एप्लाइड साइन्स अन्तर्गत स्नातकोत्तर तहमा डेभलपमेन्ट स्डडिज र एग्रोफोरेस्ट्री कार्यक्रम सञ्चालनमा रहेको छ।

विश्वविद्यालयले आठ कलेजलाई सम्बन्धन दिएको छ। तीनवटा सहकार्यमा सञ्चालित क्याम्पस रहेका छन् भने हाल करिब एक हजार ५०० विद्यार्थी अध्ययनरत छन्। यीमध्ये ३२ जना विदेशी विद्यार्थी (चीन, श्रीलंका, बर्माका विद्यार्थी) छन्। यस विश्वविद्यालयबाट ३५ जनाले बौद्ध दर्शनमा पिएचडी गरिसकेका छन्।

विश्वविद्यालयका रजिस्ट्रार डा. तिलक आचार्यका अनुसार बौद्ध विश्वविद्यालयमा बौद्ध अध्ययन संकायअन्तर्गत विद्यावारिधि कार्यक्रम चालू रहेको छ भने शैक्षिक कार्यक्रमबाहेक अनुसन्धान केन्द्रबाट अनुसन्धानका कार्यक्रम भइरहेको छ। सबै कार्यक्रम सेमेस्टर प्रणालीमा सञ्चालित छन्।

विश्वविद्यालयमा ६ जना मात्रै स्थायी शिक्षक छन्। शैक्षिक कार्यक्रम सञ्चालनका लागि १९ जना करारका शिक्षक रहेका छन्।

विश्वविद्यालयले गति बढाउँदै लगे पनि यहाँ पर्याप्त शैक्षिक जनशक्तिको व्यवस्थापन हुन सकेको छैन। सरकारबाट दरबन्दी व्यवस्थापन हुन नसकेको र सीमित आर्थिक स्रोत–साधनबाट भए पनि गति बढाउँदै लगिएको विश्वविद्यालयका पदाधिकारी बताउँछन्। दरबन्दी व्यवस्थापनका लागि विश्वविद्यालय अनुदान आयोगमा र मन्त्रालयमा प्रस्ताव पेस गरिएको र हाल विश्वविद्यालय सभाले २१९ जनाको दरबन्दी स्वीकृत गरेको छ।

**कति छ विश्वविद्यालयको जग्गा**

साढे २ बिघा जमिनबाट शुरु भएको विश्वविद्यालयको अहिले ११३ बिघा जमिन छ। अहिले लुम्बिनीसहित विभिन्न स्थानमा विश्वविद्यालयको ११३ बिघा जमिन रहेको छ। विश्वविद्यालयको देवदहमा ९२ बिघा जमिन रहेको छ। बुटवल–१२, नयाँगाउँमा करिब ६ बिघा जमिन र लुम्बिनीमा करिब १५ बिघा जमिन रहेको छ।

भर्खरै केन्द्रीय क्याम्पस, सिटी क्याम्पस, केन्द्रीय कार्यालय, केन्द्रीय पुस्तकालय, पदाधिकारी आवास, शिक्षक आवास, छात्रछात्रावास निर्माणका काम सम्पन्न भएका छन्। पदाधिकारीका लागि आवास गृहदेखि १६ जनाका लागि शिक्षक आवास भवन बनेको छ भने करिब सयजना विद्यार्थीका लागि छात्रावास बनेको छ। त्यस्तै विश्वविद्यालयलाई अझ व्यवस्थित गर्ने क्रममा अनुसन्धान केन्द्र लुम्बिनी र प्रशासनिक भवन देवदहमा निर्माण कार्य जारी रहेको छ।

**चीनले के केमा सहयोग गर्दै आएको छ**

लुम्बिनी विश्वविद्यालयको विकासमा नेपाल सरकारले मात्रै होइन विभिन्न देशहरुले पनि सहयोग गर्दै आइरहेका छन्। ४ स्थानमा जग्गा रहेको विश्वविद्यालय अहिले विभिन्न आयोजनाहरु संचालन गर्ने तयारीमा छ। लुम्बिनी विश्वविद्यालयको विकासमा अन्य मुलुकको तुलनामा चीनको चासो धेरै रहेको विश्वविद्यालयका एक प्राध्यापक बताउँछन् । लुम्बिनी विश्वविद्यालयमा चीनको यति लगानी छ भनेर नत विश्वविद्यालय नै बताउँछ, नत चीनले नै यसको औपचारिक रुपमा पुष्टि गर्छ । चीनले लुम्बिनी विश्वविद्यालयलाई भित्र भित्रै ठुलै सहयोग गर्दै आएको छ । लुम्बिनी विश्वविद्यालमा चीनियाँ नागरिकहरुले समेत सहयोग प्रदान गरेका छन् ।

लुम्बिनी बौद्ध विश्वविद्यालयको छात्रवृत्ति कोष तथा अनुसन्धान कार्यमा सघाउने भन्दै गत साउनमा चीनियाँ भिक्षु तथा नागरिकहरुले व्यक्तिगत रुपमा ४० लाख एक हजार रुपैया दान गरेका थिए । लुम्बिनी बौद्ध विश्वविद्यालयमा आयोजित एक कार्यक्रममा चीनियाँ भिक्षु स्याओसिंसहितको टोलीले निमित्त उपकुलपति एवं रजिष्ट्रार डा. तिलकराम आचार्यलाई सो दान रकम हस्तान्तरण गरेका थिए ।

त्यस्तै लुम्बिनी बौद्ध विश्वविद्यालय र चीनको बेइजिङ भाषा तथा संस्कृति विश्वविद्यालयबीच सहकार्य सम्झौता भएको छ । प्रधानमन्त्री निवास, बालुवाटारमा गत पुस १५ गते लुम्बिनी बौद्ध विश्वविद्यालयका उपकुलपति प्राडा सुवर्णलाल बज्राचार्य र बेइजिङ भाषा तथा संस्कृति विश्वविद्यालयका अध्यक्ष त्वाङ फङबीच सहमतिपत्र आदानप्रदान भएको थियो । समझदारी अनुसार दुवै मुलुकका ती विश्वविद्यालयले संस्कृति आदानप्रदान, भाषा शिक्षण, अनुसन्धान कार्यका लागि काम गर्नेछन् । यसैगरी बेइजिङमा नेपाल इन्स्टिच्युट र लुम्बिनीमा चाइना इन्स्टिच्युट स्थापना गर्ने समेत उल्लेख छ ।